# कर्मचारीको मृत्युको क्षतिपूर्तिका लागि
# आवेदन कसरी गर्नु

श्रम विभाग

**परिचय**

यस पर्चाले मृत्युको क्षतिपूर्ति सम्बन्धमा कर्मचारी क्षतिपूर्ति अध्यादेश (ECO) अन्तर्गत मुख्य व्यवस्थाहरूको वर्णन गर्दछ। वर्णन गरिएको कानूनहरूका सम्बन्धमा अध्यादेश स्वयंको एकमात्र अधिकार कायम रहनेछ भन्ने ध्यान राख्नुपर्छ।

**मृत्युको क्षतिपूर्ति भनेको के हो?**

यदि कुनै कर्मचारीको रोजगार गर्ने क्रममा तथा सोको कारणले कुनै दुर्घट्ना (अथवा निर्धारित पेशागत रोग) को फलस्वरुप मृत्यु हुनगएमा, ECO अन्तर्गत उक्त कर्मचारीको परिवारका सदस्यलाई सो मृत्युको क्षतिपूर्ति प्रदान गर्न रोजगारदाता जिम्मेवार हुनु पर्नेछ।

यसबाहेक, मृतक कर्मचारीको अन्त्येष्टि तथा उपचार खर्चको अधिक्तम $35,000 सम्म सोधभर्ना दिन रोजगारदाता जिम्मेवार हुनु पर्नेछ।

**मृत्युको क्षतिपूर्तिको गणना कसरी गरिन्छ?**

| दिवङ्गत कर्मचारीको उमेर | क्षतिपूर्ति रकम | |
|---|---|---|
| 40 वर्ष भन्दा कम | 84 महिनाको आय* | अथवा न्युनतम क्षतिपूर्ति*, जुन बढी हुन आउँछ |
| 40 देखि 56 वर्षभित्र | 60 महिनाको आय* | |
| 56 वा बढी | 36 महिनाको आय* | |

* **1 अगस्ट 2010 अथवा सोभन्दा पछि भएका दुर्घट्नाहरूका लागि:**

(a) मृत्युको क्षतिपूर्तिको गणना गर्न प्रयोग गरिने मासिक आय अधिक्तिम $21,500 हुनेछ; तथा

(b) मृत्युको क्षतिपूर्तिको न्युनतम रकम $310,000 हुनेछ।

**1 अगस्ट 2010 भन्दा पहिला भएका दुर्घट्नाहरूका लागि:**

(a) मृत्युको क्षतिपूर्तिको गणना गर्न प्रयोग गरिने मासिक आय अधिक्तिम $21,000 हुनेछ; तथा

(b) मृत्युको क्षतिपूर्तिको न्युनतम रकम $303,000 हुनेछ।

क्षतिपूर्ति रकमलाई तालिका 1 मा देखाइएनुसार मृतक कर्मचारीको परिवारको योग्य सदस्यहरूमाझ विभाजन गरिनेछ।

**क्षतिपूर्तिका लागि को हकदार हुनेछन्?**

***मृत्युको क्षतिपूर्ति***

मृत्युको क्षतिपूर्ति मृतक कर्मचारीको "परिवारको सदस्यहरू" लाई भुक्तान गरिनेछ। ECO अन्तर्गत, मृतक कर्मचारीको "परिवारको सदस्यहरू" (रगतको नाता वा कानूनसम्मत गोद लिएको भएपनि) निम्नअनुसार हुन्छन् :

- लोग्ने वा स्वास्नी अथवा सहवासी ("सहवासी" भन्नाले दुर्घट्ना भएको समयमा कर्मचारीको लोग्ने वा स्वास्नीका हैसियतमा कर्मचारीसंगै बस्दै गर्ने कुनै व्यक्ति बुझिन्छ);
- छोराछोरी;
- मातापिता वा हजुरबुबा-आमा; अथवा
- दुर्घट्ना भएको समयको लगतै पूर्व 24 महिनासम्म कर्मचारीसित एउटै घरको सदस्यका रुपमा बस्दै गरेको

कुनै पनि नाती-नातिनी, सौतेनी मातापिता, सौतेनी छोराछोरी, दाज्युभाइ, दिदीबहिनी, सासु, ससुरा, ज्वाइँ, बुहारी, भेना, भाउज्यु, साख्खे दाज्युभाइ वा दिदीबहिनीको छोराछोरी, सौतेला दाज्युभाइ र सौतेला दिदीबहिनी।

*अन्त्येष्टि तथा उपचार खर्च*

*दिवङ्गत कर्मचारीको* अन्त्येष्टि तथा उपचार खर्च भुक्तान गर्ने कुनैपनि व्यक्तिले सो खर्चको सोधभर्ना पाउनसक्छ।

**श्रम आयुक्तद्वारा निर्धारण**

*उपादेयता*

रोजगारदाता तथा दावी गर्ने सम्पूर्ण पक्षहरू सहमत भएको दुर्घट्नाहरूका सम्बन्धमा, श्रम आयुक्त (आयुक्त) ले मृत्युको क्षतिपूर्ति र/वा अन्त्येष्टि तथा उपचार खर्चको भुक्तानयोग्य क्षतिपूर्ति रकम साथै उक्त रकम कस कसलाई भुक्तान गर्नुपर्ने भनेर निर्णय गर्नसक्नेछन्।

*दावी गर्ने म्याद*

- मृत्युको क्षतिपूर्ति निर्धारण गर्ने आवेदन:

  **कर्मचारीको मृत्य भएको मितिदेखि 6 महिनाभित्र।**

- अन्त्येष्टि तथा उपचार खर्चको सोधभर्ना:

  **कर्मचारीको दाह संस्कार भएको अथवा आयुक्तले निर्णयप्रति रोजगारदाताको सहमति प्राप्त गरेको मितिबाट 30 दिनभित्र**, जुन पछि आउँछ।

*निर्धारण र प्रमाणपत्र जारी गर्ने*

आवेदन प्राप्त भएपछि, आयुक्तले आफूले निर्णय गर्न सो मुद्दा उपयुक्त भए नभएको विचार गर्नेछन्। यदि उपयुक्त भएमा, आयुक्तले निर्णय गरेर, भुक्तानयोग्य रकम र सो भुक्तान प्राप्त गर्न योग्य व्यक्तिहरूको नाम उल्लेख गर्दै सम्पूर्ण आवेदक तथा रोजगारदातालाई उपयुक्त प्रमाणपत्र प्रदान गर्नेछन्।

रोजगारदाता अथवा आवेदक कसैले पनि आयुक्तको निर्णयको विरोध गर्न पाउँछन्। यस्तो स्थितिमा, आयुक्तले आफ्नो निर्णयको पुनर्विचार गरेर पुनर्विचार प्रमाणपत्र प्रदान गर्नेछन्। वैकल्पिक रुपमा, दावी गर्ने कुनैपनि पक्षले आयुक्तको निर्णयविरुद्ध जिल्ला अदालतमा पनि पुनरावेदन गर्नसक्छन्।

*अन्तरिम भुक्तानहरू*

यदि मृत्युको क्षतिपूर्तिको दावीउपर आयुक्तको निर्णय हुनुपर्ने भएमा, मृत्युको क्षतिपूर्तिको निर्णय हुन बाँकी हुन्जेलसम्म दिवङ्गत कर्मचारीको लोग्ने वा स्वास्नी (सहवासी बाहेक) ले अन्तरिम भुक्तानबारे निर्णय गर्न आयुक्तलाई आवेदन बुझाउनसक्छन्। सो आवेदन प्राप्त गरेपछि, आयुक्तले आफ्नो निर्णयलाई विस्तारमा उल्लेख गर्दै एउटा प्रमाणपत्र प्रदान गर्नेछन्।

अन्तरिम भुक्तान रोजगारदाताले मृतक कर्मचारीका लोग्ने वा स्वास्नीलाई प्रदान गर्नुपर्दछ। एउटा प्रारम्भिक भुक्तान साथै मृतक कर्मचारीको आयको 50% को दरमा त्यसपछिको मासिक भुक्तानहरूको जम्मा अन्तरिम रकम, मृत्युको भुक्तानयोग्य क्षतिपूर्तिको 45% भन्दा बढी हुनेछैन। अन्तरिम भुक्तानहरूको जम्मा रकम लोग्ने वा स्वास्नीले प्राप्त गर्नसक्ने क्षतिपूर्ति रकमको अंशबाट घटाइनेछ।

**अदालतद्वारा निर्धारण**

यदि आयुक्तले कुनै दावी आफूले निर्धारण गर्न योग्य नभएको भन्ने ठानेमा, अथवा यदि रोजगारदाता वा कुनै दाविकर्ता आफ्नो दावीको निर्णय गराउन आयुक्तलाई बुझाउन नचाहेमा, उक्त मुद्दामाथि जिल्ला अदालतद्वारा विचार गरिनुपर्छ। दाविकर्ताहरूले कर्मचारीको मृत्यु भएको मितिबाट 24 महिनाभित्र अदालतमा दावी गर्नुपर्छ।

यदि कुनै दावीमाथि अदालतद्वारा निर्णय गर्नुपर्ने भएमा, मृतक कर्मचारीको परिवारका सदस्यहरूले:

(a) कानूनी सहायताका लागि कानूनी सहायता विभागमा आवेदन दिनसक्छन्;

(b) जिल्ला अदालतमा सोझै आवेदन दिनसक्छन्; अथवा

(c) आफ्नो प्रतिनिधिका रुपमा एकजना वकील नियुक्त गर्नसक्छन्,

संस्थागत कानूनी प्रक्रियाहरूका लागि।

अनुरोध गरिएको खण्डमा श्रम विभागको प्राणघातक मुद्दा कार्यालयले मृतक कर्मचारीको परिवारको सदस्यहरूलाई कानूनी सहायता विभाग अथवा जिल्ला अदालतमा रेफर गर्नसक्छन्।

**मृत्युको क्षतिपूर्तिको दावी कसरी गर्नु?**

मृत्युको क्षतिपूर्तिको दावी गर्न चाहने कुनैपनि व्यक्तिले कर्मचारीको मृत्यु भएपछि सकेसम्म चाँडो श्रम विभागको प्राणघातक स्थिति कार्यालयमा सम्पर्क गर्नुपर्नेछ।

उक्त व्यक्तिले निम्नअनुसारका सबै कागजातहरू लिएर आउनुपर्छ:

(a) आफ्नो परिचयपत्र;

(b) दिवङ्गत कर्मचारीको परिचयपत्र;

(c) मृत्यु प्रमाणपत्र अथवा दिवङ्गतको दाह संस्कार गर्ने आदेशको प्रमाणपत्र; तथा

(d) दिवङ्गत तथा आवेदकवीचको नाता प्रमाणित गर्ने कागजातहरू, जस्तै विवाह प्रमाणपत्र, जन्म प्रमाणपत्र वा बसोबासको प्रमाण।

**हंगकंगबाहिर बसोबास गर्ने परिवारका सदस्यहरू**

दिवङ्गत कर्मचारीको परिवारको हंगकंगबाहिर बस्ने सदस्यहरूले क्षतिपूर्तिको लागि दावी गर्न चाहेमा निम्नअनुसारका कागजातहरू बुझाउनुपर्नेछः

(a) परिचय खुलाउने कागजातहरू, जस्तै राहदानी;

(b) दिवङ्गत कर्मचारीसित नाता प्रमाणित गर्ने प्रमाणपत्र /कागजातहरू; तथा

(c) दावीको कारबाही अगाडि बढाउनलाई उनीहरूको तर्फबाट काम गर्न वकीलको अधिकारपत्र।

कागजातहरू अंग्रेजी अनुबादसितै उनीहरूको मातृभाषामा तयार छन् (यदि कागजातहरू चीनिया वा अंग्रेजीमा भए कुनै अनुवादको जरुरत पर्दैन), स्थानीय निकाय अथवा नोटरी पब्लिकद्वारा प्रमाणिकरण गरिएको छ तथा चीनको परराष्ट्र मामला मन्त्रालयका कन्सोलर विभागका एकजना अधिकृतद्वारा (यदि परिवारका सदस्यहरू चीनमा बस्दै गरेको भएमा) अथवा चीनिया वैदेशीक कन्सोलर कार्यालयद्वारा (यदि परिवारका सदस्यहरू चीन बाहेक अन्य राष्ट्र / प्रदेशहरूमा बस्ने भएमा) अनुमोदन गरिएका छन् भन्ने आवेदकहरूले सुनिश्चित गर्नुपर्छ।

**रोजगारदाताले के गर्नुपर्छ?**

रोजगारदाताले कुनैपनि घातक दुर्घट्नाबारे, कर्मचारीको मृत्युबाट क्षतिपूर्ति भुक्तान गर्नुपर्ने अवस्था आउने या नआउने भएपनि, घट्नाको 7 दिनभत्र निर्धारित फारम (फर्म 2 / 2A) बुझाएर श्रम विभागमा सूचना दिनुपर्नेछ। कुनै उचित कारणबेगर कुनै रोजगारदाताले आयुक्तलाई दुर्घट्नाको सूचना नदिएमा अथवा गलत जानकारी बुझाएमा, अपराध भएको मानिनेछ र अधिक्तम $50,000 रकमसम्म जरिमाना हुनसक्छ।

यदि दुर्घट्नाको क्षतिपूर्ति दिने दायित्यका सम्बन्धमा रोजगारदाताको कुनै विवाद नभएमा, उसले आयुक्तलाई दावीको निर्णयसम्बन्धी आफ्नो सहमति दिनसक्छन्। आयुक्तद्वारा प्रमाणपत्र जारी भएपछि, यदि कुनैपनि पक्षद्वारा कुनैपनि विरोध वा पुनरावेदन नगरेको स्थितिमा रोजगारदाताले प्रमाणपत्रअनुसार क्षतिपूर्ति रकम अथवा अन्त्येष्टि तथा उपचार खर्चको सोधभर्ना रकम भुक्तान गर्ने व्यवस्था गर्नुपर्नेछ।

कुनै उचित कारणबेगर रोजगारदाताले प्रमाणपत्र/ पुनर्विचार प्रमाणपत्रअनुसार भुक्तान नगरेमा क्षतिपूर्ति रकम वा प्रमाणपत्र/ पुनर्विचार प्रमाणपत्रमा उल्लेखित रकमका अतिरिक्त एउटा जरिवाना रकम भुक्तान गर्नुपर्नेछ। यसबाट पनि अपराध भएको मानिनेछ र दोषी पाइएमा अधिक्तम $100,000 सम्म जरिमाना हुनसक्छ।

**थप जानकारी कहाँबाट पाउनु?**

Fatal Cases Office
Employees' Compensation Division
Labour Department
Room 601, 6/F., Harbour Building
38 Pier Road,
Central,
Hong Kong
टेली: 2852 3994 फ्याक्स: 2854 4166

(यस पर्चाका जानकारीहरू श्रम विभागको गृहपृष्ठ http://www.labour.gov.hk मा पनि उपलब्ध छ)

कर्मचारी क्षतिपूर्ति शाखा
श्रम विभाग
अगस्त 2010

**तालिका 1: मृत्युको क्षतिपूर्तिको विभाजन**

| क्षतिपूर्तिका लागि योग्य परिवारका सदस्यहरू | क्षतिपूर्ति रकम विभाजन |
|---|---|
| 1. लोग्ने वा स्वास्नी / सहवासी मात्र | लोग्ने वा स्वास्नी/ सहवासीलाई १००% |
| 2. छोराछोरी(हरू) मात्र | छोराछोरी(हरू)लाई १००% |
| 3. मातापिता(हरू) / हजुरबुबा-आमा(हरू) मात्र | मातापिता(हरू) / हजुरबुबा-आमा(हरू) लाई १००% |
| 4. लोग्ने वा स्वास्नी / सहवासी र छोराछोरी(हरू) मात्र | लोग्ने वा स्वास्नी /सहवासीलाई ५०%<br>छोराछोरी(हरू) लाई ५०% |
| 5. लोग्ने वा स्वास्नी / सहवासी र मातापिता(हरू) हजुरबुबा-आमा(हरू) मात्र | लोग्ने वा स्वास्नी / सहवासीलाई ८०%<br>मातापिता(हरू) / हजुरबुबा-आमा(हरू)लाई २०% |
| 6. लोग्ने वा स्वास्नी / सहवासी, छोराछोरी(हरू), र मातापिता)हरू / (हजुरबुबा-आमा(हरू) मात्र<br>(परिवारमा अन्य कुनैपनि योग्य सदस्य भएपनि नभएपनि) | लोग्ने वा स्वास्नी / सहवासीलाई ४५%<br>छोराछोरी(हरू)लाई ४५%<br>मातापिता(हरू) / हजुरबुबा-आमा(हरू)लाई १०%<br>परिवारमा अन्य कुनैपनि सदस्य(हरू) क्षतिपूर्तिका लागि हकदार हुँदैनन् |
| 7. छोराछोरी(हरू) र मातापिता(हरू) / हजुरबुबा-आमा(हरू) मात्र | छोराछोरी(हरू)लाई ८०%<br>मातापिता(हरू) / हजुरबुबा-आमा(हरू) लाई २०% |
| 8. जीवित लोग्ने वा स्वास्नी / सहवासी, छोराछोरी(हरू), र मातापिता(हरू) /हजुरबुबा-आमा(हरू) नभएर परिवारका अन्य सदस्य(हरू) मात्र | परिवारका अन्य सदस्य(हरू)लाई १००% |
| 9. लोग्ने वा स्वास्नी / सहवासी, र परिवारका अन्य सदस्य(हरू) मात्र | लोग्ने वा स्वास्नी / सहवासीलाई ९५%<br>परिवारका अन्य सदस्य(हरू)लाई ५% |
| 10. छोराछोरी(हरू) र परिवारका अन्य सदस्य(हरू) मात्र | छोराछोरी(हरू)लाई ९५% परिवारका अन्य सदस्य(हरू)लाई ५% |
| 11. मातापिता(हरू) / हजुरबुबा-आमा(हरू) र परिवारका अन्य सदस्य(हरू) मात्र | मातापिता(हरू) / हजुरबुबा-आमा(हरू)लाई ९५%<br>परिवारका अन्य सदस्य(हरू)लाई ५% |
| 12. लोग्ने वा स्वास्नी / सहवासी, छोराछोरी(हरू) र परिवारका अन्य सदस्य(हरू) मात्र | लोग्ने वा स्वास्नी / सहवासी लाई ५०%<br>छोराछोरी(हरू)लाई ४५%<br>परिवारका अन्य सदस्य(हरू)लाई ५% |
| 13. लोग्ने वा स्वास्नी / सहवासी, मातापिता(हरू) / हजुरबुबा-आमा(हरू) र परिवारका अन्य सदस्य(हरू) मात्र | लोग्ने वा स्वास्नी / सहवासीलाई ७५%<br>मातापिता(हरू) / हजुरबुबा-आमा(हरू)लाई २०%<br>परिवारका अन्य सदस्य)हरू(लाई ५% |
| 14. छोराछोरी(हरू), मातापिता(हरू) / हजुरबुबा-आमा(हरू) र परिवारका अन्य सदस्य(हरू) मात्र | छोराछोरी(हरू)लाई ७५%<br>मातापिता(हरू) / हजुरबुबा-आमा(हरू)लाई २०% |

| | |
|---|---|
| | परिवारका अन्य सदस्य(हरू)लाई ५% |

द्रष्टब्य 1: यदि एकै समूहमा पर्ने एक भन्दा बढी योग्य व्यक्तिहरू छन् भने, उनीहरूवीच क्षतिपूर्ति रकम समान रुपमा विभाजन गरिनेछ। तैपनि, दिवङ्गत कर्मचारी पछि मातापिता(हरू) र हजुरबुबा-आमा(हरू) जीवित हुनुभएमा, यो वर्गमा भुक्तानयोग्य क्षतिपूर्ति रकम निम्नअनुसार विभाजन गरिनेछः मातापिता(हरू) लाई ७०%

हजुरबुबा-आमा(हरू)लाई ३०%

द्रष्टब्य 2: परिवारका अन्य सदस्य(हरू)मा दुर्घट्ना भएको समयको लगत्तै पूर्व २४ महिना सम्म कर्मचारीसित एउटै घरको सदस्यका रुपमा बस्दै गरेको नाती-नातिनी, सौतेनी मातापिता, सौतेनी छोराछोरी, दाज्युभाइ, दिदीबहिनी, सासु, ससुरा, ज्वाइँ, बुहारी, भेना, भाउज्यु, साख्खे दाज्युभाइ वा दिदीबहिनीको छोराछोरी, सौतेला दाज्युभाइ र सौतेला दिदीबहिनीहरू पर्दछन्।